त्रिभुवन विश्वविद्यालय

सेवा आयोगको कार्यालय

उपप्राध्यापक पदपूर्तिका लागि

दरखास्त आव्हान सम्बन्धी सूचना

(खुला प्रतियोगिता)

सूचना प्रकाशन मितिः २०७८।०३।१५

त्रिभुवन विश्वविद्यालय अन्तर्गतका विभिन्न निकायहरूका लागि निम्न लिखित बिषयका उपप्राध्यापक पदहरूमा खुला प्रतियोगिताद्वारा पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरूबाट मिति २०७८ आषाढ १५ गते देखि मिति २०७८ श्रावण १८ गते रातको १२ बजेसम्ममा (दोब्बर दस्तुर तिरेर मिति २०७८ श्रावण २५ गते रातको १२ बजेसम्म) त्रि. वि. सेवा आयोगको वेवसाइट www.tuservicecommission.edu.np मा अंकित Online Application मार्फत दरखास्त आव्हान गरिन्छ । म्याद नाघी प्राप्त हुन आएका र रीत नपुगेका दरखास्त उपर कुनै कार्यवाही हुने छैन । यस सम्बन्धी अन्य विवरण सेवा आयोगको वेवसाइटमा हेर्न सकिने छ ।

क्र.सं.	विज्ञापन नं.	विषय	जम्मा दरबन्दी संख्या	खुल्ला तथा समावेशी दरबन्दी संख्या						
				खुल्ला	महिला	आदिवासी जनजाती	मधेशी	दलित	अपाङ्ग	पि.छे
१	८२६/०७७-०७८	कानून	२२	१२	३	३	२	१	१	_
२	८२७/०७७-०७८	ग्रामिण विकास	७	४	१	१	१	-	-	-
३	८२८/०७७-०७८	मैथिलि	१	१	-	-	-	-	-	-

द्रष्टव्यः

१. **आवेदन दस्तुरःरू. ३०००।-,**आवेदन दस्तूर अनलाईन प्रणाली मार्फत बुझाउनु पर्नेछ । समावेशी समूहमा समेत आवेदन दिने उम्मेदवारलाई प्रति थप समूह बापत २० प्रतिशत थप शुल्क लाग्नेछ । एकपटक बुझाई सकेको दस्तूर फिर्ता हुनेछैन । बैंक भौचरलाई मान्यता दिइने छैन ।

२. **उमेर हदः** ४५ बर्ष ननाघेको । तर त्रि.वि.सेवामा स्थायी, अस्थायी वा करार सेवामा कार्यरतहरूको हकमा उमेरको हद लाग्ने छैन ।

३. पदपूर्ति प्रकृया सम्बन्धी **"त्रि.वि. शिक्षक नियुक्तिको सिफारिस सम्बन्धी विनियम, २०७५ (२०७७ माघ ४ गते सम्मको संशोधन/थप व्यवस्था सहित)"** तथा उपप्राध्यापक पदको लिखित परीक्षाको परिमार्जित पाठ्यक्रमको रूपरेखा सेवा आयोगको वेवसाइटबाट डाउनलोड गर्न सकिने छ ।

४. विज्ञापन प्रकाशन भएपछि प्राप्त शैक्षिक योग्यता, अनुभव र सेवा अवधिलाई मान्यता दिइने छैन ।

५. आफ्नो शैक्षिक योग्यता अनुसारको पेशामा संलग्न हुन अनुमति पत्र (License) आवश्यक पर्ने भएमा वा आफ्नो पेशा व्यवसायसँग सम्बन्धित काउन्सिलमा दर्ता गर्नु पर्ने भएमा सो को अनुमति पत्र र दर्ता प्रमाणपत्र संलग्न गर्नु पर्नेछ ।

६. निम्न कागजातहरूको डिजिटल फाइल (pdf) अनलाईन फारमका साथ अपलोड गर्नु पर्नेछ ।

(क) हाल सालै खिचिएको पासपोर्ट साइजको फोटो

(ख) आधिकारीक हस्ताक्षर ।

(ग) नागरिकता ।

(घ) स्नातक तहदेखि माथिका सबै शैक्षिक योग्यताको लब्धाङ्क पत्र र प्रमाणपत्रहरू, समकक्षताको प्रमाण-पत्र ।

(ङ) त्रि.वि. वा अन्य विश्वविद्यालय वा शैक्षिक प्रतिष्ठानमा स्थायी/अस्थायी/करार शिक्षण सेवा अनुभवका लागि शुरु नियुक्तिको पत्र, नियुक्ति नविकरण र कार्य अनुभवको प्रमाण पत्र । त्रि.वि. वाहेकका विश्वविद्यालय वा शैक्षिक प्रतिष्ठान भए Times Higher Education World University Ranking अनुसारको दर्जा खुलेको प्रमाण ।

(च) त्रि.वि. मा आंशिक शिक्षण अनुभवका लागि त्रि. वि. अन्तर्गतका आङ्गिक क्याम्पसमा कम्तिमा हप्तामा ६ पिरियड शिक्षण गरी अटूट रुपमा कार्य गरेको भन्ने सम्बन्धित लेखा शाखा र प्रशासन शाखा बाट प्रमाणित पत्र ।

(छ) व्यक्तिगत विवरण (वायोडाटा) ।

(ज) प्रकाशित अनुसन्धानात्मक कृतिहरू ।

७. त्रिभुवन विश्वविद्यालय वाहेक अन्य विश्वविद्यालय वा शिक्षण संस्थाबाट प्राप्त गरेको शैक्षिक उपाधि को हकमा त्रिभुवन विश्वविद्यालयबाट मान्यता भएको समकक्षता प्रमाण पत्र पेश गर्नु पर्नेछ । अन्यथा आवेदन फारम स्वीकार गरिने छैन ।

८. अनुसन्धानात्मक कृतिहरू अपलोड गर्दा जर्नलमा प्रकाशित लेख भए पूरा लेख सहित जर्नलको बाहिरी कभर देखि बिषय सूची सम्मका पेजहरू र पुस्तक, अनुसन्धान प्रतिवेदन भए अगाडिको कभर पेज देखि बिषय सूचि सम्म र पछाडिको कभर पेज मात्र स्क्यान गरी pdf file अपलोड गर्न सकिने छ । अनुसन्धान प्रतिवेदनका साथमा प्रतिवेदन स्वीकृत भएको सक्कल पत्र समेत अपलोड गर्नुपर्ने छ ।

९. विज्ञापन प्रकाशन भएपछि प्रकाशित कृति र प्रकाशनका लागि स्वीकार मात्र गरिएको तर प्रकाशन भैनसकेको कृति (Accepted manuscript) लाई मूल्याङ्कन गरिने छैन ।

१० अनलाईनमा उपलब्ध हुने जर्नलको hard copy उपलब्ध नभएमा जर्नलको कभरपेज साथै सम्पादक मण्डल, ISSN, Publishing policy, बिषय सूचि आदि भएको पेज प्रिन्ट गरी लेखसंगै पेश गर्नुपर्ने छ ।

११. अनलाईनमा पेशगरेका भन्दा फरक कृतिहरु मान्य हुने छैनन् ।

१२. नेपालबाट प्रकाशित पुस्तक/सबै प्रकारका ग्रन्थको ISBN लिएको मिति र दुई प्रति पुस्तक त्रि.वि.केन्द्रीय पुस्तकालयमा बुझाएको सम्बन्धमा त्रि.वि. केन्द्रीय पुस्तकालयबाट प्रमाणित गराई पेश गर्नु पर्नेछ ।

१३. उपप्राध्यापक पदमा आवेदन दिने उम्मेदवारलाई लिखित परीक्षाको नतिजा प्रकाशित भएपछि मात्र सक्कल कृति बुझाउन सूचित गरिने छ ।

१४. अन्य जानकारीका लागि त्रि.वि. सेवा आयोगमा सम्पर्क गर्न सकिने छ ।